स्वच्छ र स्वतन्त्र पत्रकारिताको प्रतिक

# नव जनचेतना

NAWA JANACHETANA NATIONAL DAILY राष्ट्रिय दैनिक



सिमोस सुनुवारको निर्देशनमा बन्न लागेको फिल्म 'जन्ते बाख्रा'को शुभमुहूर्त गरिएको छ। कमलादीस्थित गणेश मन्दिरमा क्यामेरा, स्क्रिप्ट र क्ल्याप बोर्ड पूजा गर्दै मुहूर्त गरियो। फिल्ममा जोडीको रुपमा देखिन लागेका अभिनेता सौगात मल्ल र अभिनेत्री गरिमा शर्माले मुहूर्त सट दिएका थिए। यो उनीहरुको पहिलो सहकार्य हो। फिल्मको छायांकन यही पुष २० गतेबाट सुरु हुनेछ।

**आजको विचार...**



पुरुषभन्दा...
(दुई पेजमा)

विमला तुम्खेवा



भिजुअल आर्ट्स र टौवा स्टुडियोको सहकार्यमा निर्माण भएको 'सानुमाया' म्युजिक भिडियो सार्वजनिक भएको छ। भिडियोले भुटानी नेपाली समुदायको सांस्कृतिक पृष्ठभूमिमा आधारित प्रेमकथामार्फत पहिचान, संघर्ष र प्रेमका गहिरा भावनालाई प्रस्तुत गरेको छ। विवेक रसाइली निर्देशित भिडियोमा मिरुना मगर, दीपक रसाइली र प्रेम सुब्बा फिचर्ड छन् । मिरुनाको पात्रले आफ्नो प्रेम र करिअरबीचको संघर्षलाई झल्काउँछ, जसले समाजमा पहिचान नभएको अवस्थाबाट उत्पन्न हुने द्विविधा र कठिनाइलाई चित्रण गर्छ।

❒ वर्ष ३० ❒ अंक १५६ ❒ २०८१ पौष १४ गते आइतबार 29 December 2024, Sunday ❒ पृष्ठ संख्या ४ मूल्य रू ५/-

## सक्षिप्त समाचार

### बस दुर्घटना हुँदा ८ को मृत्यु

रासस/एएफपी

**नयाँ दिल्ली,** पौष १३/उत्तरी भारतको पञ्जाब राज्यमा एउटा यात्रुवाहक बस एक पुलबाट चिप्लिँदा कम्तीमा आठ जनाको मृत्यु भएको छ भने दुई दर्जनभन्दा बढी घाइते भएका छन् । दुर्घटना पञ्जाबको भटिंडा जिल्लाको जीवन सिंह वाला गाउँ नजिक भएको हो । दुर्घटनाको लगत्तै स्थानीय बासिन्दा घाइतेहरूलाई मद्दत गर्न घटनास्थलमा पुगे र प्रहरीलाई खबर गरे । प्रहरीले उद्धार कार्यमा आफ्नो टोली र विपद् व्यवस्थापन बलका कर्मचारीहरू पठाए । 'र्घटनामा एक दुई वर्षीया बालिका सहित आठ जनाको दुर्भाग्यपूर्ण मृत्यु भएको छ,' भटिंडाका एक वरिष्ठ सरकारी अधिकारी शौकत अहमद परेले मिडियालाई बताए । 'तलवन्दी अस्पतालमा पाँच जनाको र अन्य तीन जनाको सिभिल अस्पताल भटिंडामा मृत्यु भएको पुष्टि भएको छ ।' बस तीव्र गतिमा गुडेको तथा चालकले नियन्त्रण गुमाएपछि नालीमा खसेको हो । भटिंडाका एक वरिष्ठ प्रहरी अधिकारी अमनीत कोन्डलले दुर्घटनास्थलबाट ४६ यात्रुको उद्धार गरिएको बताए । प्रहरीले मुद्दा दर्ता गरी दुर्घटनाको अनुसन्धान गर्न आदेश दिएको छ ।

# महिलामैत्री शहर बन्दै 'तानसेन'

## महिलाले नै थाले अभियान

कृष्ण पोखरेल



**पाल्पा,** पुस १३/पाल्पाको सदरमुकाम तानसेन बजारको मुटु भनेर चिनिने मखनटोल क्षेत्र विगत दुई बर्षदेखी सुनसान बन्यो । पाल्पा दरवार सग्रहालयको बाहिरी परिसर क्षेत्रमा रहेका ५२ वटा व्यापारिक सडक तानसेन नगरपालिकाले डोजर लगाई हटाएपछी विगत दुई बर्षदेखी मखनटोल सुनसान बनेको थियो । 'महिला नेतृत्वको बजार, संयुक्त अर्थतन्त्रको आधार' भन्ने मूल नाराका तानसेन नगरपालिकाको सहयोगमा बजारक्षेत्रलाई चहलपहल बढाउन, दरवार क्षेत्रमा आन्तरिक तथा बाह्य पर्यटक भित्र्याउन, मखनटोल टोल विकास संस्थाले महिलाद्धारा सञ्चालित साप्ताहिक मेला सञ्चालन गरेको छ ।

महिलाहरुलाई बाहिरी परिवेशमा घुलमिल बनाउन, उनीहरुको सिप र जागरलाई व्यवसायिक बनाउन, आयआर्जनमा क्रियाशिल बनाउन, दुई चार हजार आफै कमाउने, आफै खर्च गर्न सक्ने बनाउन, महिलाहरुलाई आर्थिक कारोवार गर्न /गराउन अभ्यास गराउन, महिलालाई उद्यमी बनाउने अभियानका साथ पाल्पा दरवारको बाहिरी क्षेत्रमा साप्ताहिक मेला सञ्चालन गरिएको संस्थाकी अध्यक्ष ज्ञानु कार्कीले बताईन् । साप्ताहिक मेलामा महिलाहरुले उत्पादन गरेका हेन्डिक्राप्ट, विभिन्न सरसमानहरु, ढाकाका कपडाहरु विक्रिमा राखिएका थिए । महिलाहरुले बनाएका विभिन्न अचार, रोटीका परिकार, विभिन्न चिजबिचका सिन्की तितउरा, जाम जुस, जेली लगायतका सरसमानहरु उपभोक्ताले मन पराए । महिलाहरुले परम्परागत परिकार बनाउँदै विक्रि गर्न भ्याइ नभ्याइ थियो । मेलामा महिलाहरुले विभिन्न किसिमका खानाका परिकारहरु य:मरी, सेल, बटुक चुकाउनी, तथा विभिन्न नेवारी परिकार विक्रि वितरण गरेर महिलाहरुले आयआर्जनको अभियान चलाएको संस्थाकी सचिव सरस्वती राजभण्डारीले बताइन् । मेलामा महिलाहरुले अर्गानिक कोदो, फापर, गहुँ लगायतका परिकार, स्थानीय चलनचल्तीका परिकारहरु, घरमै बसेर निर्माण गरेको स-साना उद्योगबाट उत्पादित सरसमान झिनियाँ रोटी, अचार, तितउरा, सिन्की गुन्द्रक, धुप बत्ती, टपरी, ढाका, मसला, बेसार लगायतका सरसमानहरु विक्रि गरी आम्दानी गरेको मखनटोल टोल विकास संस्थाकी पूर्व अध्यक्ष ज्योती राजभण्डारीले बताईन् । मखनटोलटोल टोल विकास संस्थाका अगुवाइमा तानसेनका सबै टोलविकास संस्थामा आवद्ध भएका महिलाहरुले प्रत्येक हप्ताको शुक्रबार मेलामा सहभागी भई उत्पादित सरसमान विक्रि गर्न पाउने व्यवस्था तानसेन नगरपालिकाले मिलाएको छ । मेलामा स्टल राख्न र प्रवेश शुल्क नि:शुल्क गरिएको छ । उक्त मेलामा पुरुषले भने स्थटल राखेर विक्रि गर्न भने पाइँदैन । तानसेन नगरपालिकाले युनोस्पको सहकार्यमा मखनटोल क्षेत्रलाई महिलामैत्री नमुना शहर बनाउने अभियानमा लागेको नगर प्रमुख सन्तोषलाल श्रेष्ठले बताए । महिलालाई फाइदा हुने गरी नै महोत्सव आयोजना गरिएको तानसेन-४ का वडाध्यक्ष हेमन्तराज शाक्यको भनाई छ । यो अभियानबाट तानसेनमा महिला उद्यमी वृद्धि हुने, महिला शसक्तिकरण हुने, आयआर्जन तथा खर्चमा महिलाको अधिकार सुनिश्चितामा वृद्धि हुने, स्थानीयस्तरमा रोजगारी वृद्धि हुने, बजार चलायमान हुने, पर्यटकीय गतिविधिमा वृद्धि हुने अपेक्षाका साथ कार्यक्रम शुरु भएको तानसेन नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत हरिराम नागिलाले बताए । सञ्चालित मेलामा २४ वटा स्टल रहेको सबै स्टलमा काम गर्ने देखी बेचविखन गर्नेसम्म सबै महिलाहरु मात्र रहेका थिए ।

साप्ताहिक मेलाले महिलाहरुलाई सक्रिय तथा जागरुप बनाउने, आर्थिकरुपमा सम्पन्न बनाउने, महिलाहरुमा आपसी छलफल र एकता कायम हुने मेलामा सहभागी टक्सार स्टार समुहकी तुम्ला बज्राचार्यले बताईन् । प्रत्येक शुक्रबार आयोजना हुने महोत्सवले स्थानीय समुदायलाई आर्थिक रूपमा सबल बनाउने मात्र नभई समाजमा आपसी सहकार्य र मेलमिलापको भावना वृद्धि गर्ने, स्थानीय कलासंस्कृति, भेषभुषा, पहिचान खानपानमा समेत टेवा दिने विश्वास लिइएको छ ।

## गुल्मी टिपर दुर्घटनामा चालकको मृत्यु




**गुल्मी,** पौष १३/जिल्लाको सत्यवती गाउँपालिका वडा नं. २ पाहादीस्थित कालिगण्डकी करिडोरमा टिपर दुर्घटना हुँदा चालकको मृत्यु भएको छ । रिडीबाट गिट्टी बोकेर पुर्तिघाट जाँदै गरेको लु १ क ५४०० नम्बरको टिपर दुर्घटना हुँदा चालक पाल्पाको रैनादेवी गाउँपालिका-१ का २४ वर्षीय श्रीराम कुमालको मृत्यु भएको हो । दुर्घटनामा घाइते कुमालको उपचारको लागि अस्पताल लगिए पनि डाक्टरबाट मृत घोषणा गरिएको जिल्ला प्रहरी कार्यालय गुल्मीले जनाएको छ ।

टिपर दुर्घटनामा सहचालक सल्यान बनगाउँ-७ का २३ वर्षीय मोहन जैसी सामान्य घाइते भएका छन् । घटनाको विषयमा थप अनुसन्धान भइरहेको प्रहरीले जनाएको छ ।

## धान खेत मासेर कागतीखेतीमा रमाउँदै किसान



**देउखुरी (दाङ),** पुस १३/धानले झुल्ने खेत यतिबेला लटररम्म कागतीदाना पहेंलै भएका छन् । बिरुवाले रोपेको दुई वर्षमा फल दिन थालेपछि किसानको मुहारमा खुसी छाएको छ । घोराही उपमहानगरपालिका-६ बचाहाका भीमप्रसाद खनालले व्यावसायिक रुपमा कागतीखेती गरेका छन् । विष्णुदेवी बहुउद्देश्यीय कृषि तथा पशुपन्छी फर्मको नामको फाम दर्ता गरेर व्यावसायिक कागती खेती गरेको उनले बताए । उनले आफ्नो १२ कठ्ठा जमिनमा पाँच वर्ष अघि रोपेका सुन कागतीले रोपेको दोस्रो वर्षदेखि फल दिन थालेका छन् । उनको फार्म रहेको जमिनमा तारजाली लगाएका छन् । बिरुवा र तारबार गर्दा ८ लाख लगानी लागेको बताए । 'सिँचाइ सुविधा नभएकाले धानखेती गर्न साह्रै गाह्रो भयो, मेहनतअनुसारको उत्पादन भएन, उनले भने, 'त्यसैले धानखेत मासेर कागती लगाएको हुँ ।' उनको बारीमा अहिले लटरम्म कागती फलेर पाकेका छन् । कागतीलाई बजारको समस्या छैन, समयमा बीउमल नपाइएला कि भन्ने पनि छैन, उनले भने, 'कम मेहनत र थोरै लगानीमा बजार पनि राम्रो छ ।' उनले दुई सय ६५ कागतीका बोटबाट वार्षिक पाँच लाखसम्म आम्दानी हुने गरेको बताए । बाँकी खेतमा तिहारका लागि रोपेको फूल बिक्री गरेर ७० हजार आम्दानी गरेको उनले बताए । उत्पादन भएको कागती घोराही वजारमा बिक्री हुने गरेको छ । फुटकर किलोमा एक सय रुपैयाँ र थोकमा चार सय रुपैयाँमा पाँच किलो बिक्री हुने गरेको उनले बताए । दैनिक ५० किलो बिक्री गर्ने गरेको खनाले बताए । कागती फलेको समयमा सस्तो मूल्यमा बिक्री गर्नुपर्ने बाध्यता रहेकाले कागती भण्डारणका लागि चिस्यान केन्द्र भएमा सजिलो हुने उनको भनाइ छ । स्थानीय, प्रदेश सरकारले चिस्यान केन्द्रका लागि सहयोग गर्न पनि आग्रह गरे ।

-बाँकी अन्तिम पेजमा...

पा.जि.हु.द.नं. ७५१/०५२ पा.जि.प्र.का.द.नं. १९/०५१/०५२

नवजनचेतना

# सम्पादकीय

## शैक्षिक क्षेत्रमा सुधार अपरिहार्य

देशमा दिगो शान्ति, सुशासन, विकास र समृद्धिका लागि शिक्षाले महत्वपूर्ण भूमिका खेलेको हुन्छ । सीपमूलक, वैज्ञानिक, व्यावहारिक एवं गुणस्तरीय शिक्षा समृद्ध नेपालको आधारशिला हो । मुलुकको सर्वांगीण विकासको मूल आधार शिक्षा नै भएकाले गुणस्तरीय शिक्षामा सबै नागरिकको समतामूलक र न्यायोचित पहुँच स्थापित हुनुपर्छ । तर त्यसो हुन सकिरहेको छैन् । हाम्रो शिक्षा प्रणाली अन्तर्राष्ट्रिय स्तरमा प्रतिस्पर्धा गर्न सक्ने खालको पनि छैन । त्यसैले हाम्रो शिक्षा कमजोर अवस्थामा छ । सामुदायिक क्षेत्रमा यसको सञ्जाल, संरचना र कभरेज राम्रो छ तर त्यसबाट जति प्रतिफल आउनुपर्ने हो त्यति प्रतिफल आउन सकेको छैन । शिक्षा क्षेत्रमा राज्यले जति लगानी गरेको छ सो लगानी गरेअनुसारको उपलब्धि पनि निकै न्यून छ । शिक्षा क्षेत्रमा राजनीतिकरण हुँदा गुणस्तरीय र व्यवहारिक शिक्षा प्रदान हुन सकिरहेको छैन । यो नेपाल र नेपालीका लागि दुर्भाग्यको कुरा हो । अहिले पहाडी क्षेत्रका सामुदायिक विद्यालयहरुमा विद्यार्थीहरुको संख्या अत्यन्त कम छ भने अर्कोतर्फ विद्यार्थीहरु दैनिक जसो विदेश पलायन भइरहेका छन् । यसले पनि नेपालको शैक्षिक क्षेत्रको अवस्था कस्तो छ भन्ने प्रष्ट हुन्छ ।

सामाजिक, आर्थिक पक्षमा पनि शिक्षा सुधारका लागि चुनौती छन् । गरिबी र बेरोजगारीका कारण धेरै अभिभावकले आफ्ना बालबालिकालाई विद्यालय पठाउन नसक्ने स्थिति छ । यसमा डिजिटल शिक्षाको समयसापेक्ष माग भए पनि अधिकांश विद्यालयमा इन्टरनेट, कम्प्युटर र स्मार्ट कक्षाकोठा जस्ता सुविधा उपलब्ध छैनन् । यसैले गुणस्तरीय शिक्षा कसरी दिन सकिन्छ भन्नेमा सरकारसामू ठूलो चुनौती छ, हाम्रो शिक्षालाई जीवनोपयोगी खासै बनाउन सकिएको छैन । त्यसैले कसरी जीवनोपयोगी बनाउन सकिन्छ भन्नेमा सरकारले संवेदनशील भएर सोच्ने र सोहीअनुसार प्रभावकारी योजना र कार्यक्रम ल्याएर शैक्षिक क्षेत्रमा व्यापक सुधार गर्न जरुरी छ ।

### Opinion @ Social Network

औकात पुगेन भनेर छोड्ने हरुलाई के थाहा,
करोडौंको चेक पनि दश रुपियाँको लम बिना अधुरो हुन्छ भनेर।
(सोनम गाहाकोफेसबुक स्टाटसबाट https:///www.facebook.com/Sonam.Gaha)

यो स्तम्भमा सामाजिक संजालमा पोष्ट गरिएका धारणाहरु राख्नेछौं । यसका लागि हाम्रो फेसबुक पेज www.facebook.com/shittalpati मा लगअन गर्न सक्नुहुनेछ ।

**नवजनचेतना दैनिक**को रुपमा तपाईसामु आईरहेको छ । यो पत्रिका अझ स्तरीय अनि पठनीय बनाउनको लागि तपाईहरुको अमूल्य सुझावहरुको हामीलाई अत्यन्तै जरुरी छ । पाठकवृन्द तपाईका सुझावहरु दिई हामीलाई सहयोग गर्नुहुन हामी अनुरोध गर्दछौं ।

**नवजनचेतना दैनिक**
भगवतीटोल तानसेन, पाल्पा

# पुरुषभन्दा कमजोर छ महिलामा पुस्ता हस्तान्तरण परम्परा



विमला तुम्खेवा

*सरकारले बुझ्न जरूरी छ आत्महत्या कमजोरी होइन यो अवस्था राज्य र समाजको व्यवस्थाहरूले सृजित गर्ने गर्छ । यी सबै सामाजिक अवस्थाबाट माथि उठ्न के गर्नुपर्ला ? पक्कै पनि नेपाली महिलाहरू आफैंले हिंडेर आएको बाटोतर्फ पुनः फर्केर आत्म-आलोचना गर्न जरूरी छ । दलगत ह्वीप भन्दा माथि उठेर महिलाको मुद्दामा एक हुन जरूरी छ । नेपालको महिला सशक्तीकरण र आन्दोलनतर्फ फर्किएर हेर्दा १९४७ मा स्थापना भएको नेपाल महिला संघले महिलाको राजनीतिक र सामाजिक अधिकारको विषयलाई उठान गरेको थियो । जुन समयमा महिलाहरू घरबाट बाहिर निस्कन सक्नु नै ठूलो उपलब्धि मानिन्थ्यो । तर आजको अवस्थामा नेपाली समाजको विभिन्न आयाममा महिलाहरूले लडेर, संघर्ष गरेर उपस्थितिलाई मजबुत बनाएका छन् । जुन समयमा महिलाहरू घरबाट बाहिर निस्कन सक्नु नै ठूलो उपलब्धि मानिन्थ्यो । तर आजको अवस्थामा नेपाली समाजको विभिन्न आयाममा महिलाहरूले लडेर, संघर्ष गरेर उपस्थितिलाई मजबुत बनाएका छन् ।*

नेपालका सबै राजनीतिक दलहरूको उपस्थिति र तथ्याङ्क हेर्ने हो भने अहिले पनि महिला निर्णायक तहमा कमै छन् । अहिले देखिएको सङ्ख्याले राजनीतिक पार्टीमाथि उठिरहेको प्रश्नलाई सम्बोधन त गर्ला तर महिलाको समग्र विकासतर्फ अझै पनि पार्टीहरू उदार देखिंदैनन् । हाल प्रतिनिधिसभा र राष्ट्रिय सभामा गरी ३३ प्रतिशत महिला सहभागिता सुनिश्चित गर्ने प्रावधान अनुरूप नै प्रतिनिधिसभामा महिलाको सहभागिता लगभग ३३ प्रतिशत छ । प्रदेश सभाहरूमा महिलाको सहभागिता ३० देखि ३५ प्रतिशत रहेको छ । त्यस्तै स्थानीय तहमा ४० प्रतिशत अनिवार्य रूपमा महिला सहभागिता हुनुपर्ने व्यवस्था अनुरूप महिलाहरूको सहभागिता ४० प्रतिशत छ । यो महिलाको सामाजिक जीवनलाई अगाडि ल्याउन हाम्रो जस्तो विकासोन्मुख देशले हासिल गरेको महत्वपूर्ण उपलब्धि हो । तर त्यतिले मात्र सबै महिलाको जीवनमा परिवर्तन आउँछ त ? यसतर्फ गम्भीर भएर सोच्न जरूरी छ । नेपालको संविधानले महिलाको समान अधिकारको बारेमा स्पष्ट बोलिदिएको छ तर के समाजमा महिलाको अवस्था संविधानले व्याख्या गरे अनुरूप छ त ? आर्थिक, सामाजिक, सांस्कृतिक, धार्मिक, मानसिक दृष्टिकोणबाट नेपाली महिला आजको समयमा विश्व परिवेशसामु कहाँ छन् ? यी सबै सवालको जवाफ खोज्न पनि आउने निर्वाचनमा महिला सहभागिताको अवस्था र सङ्ख्या बढ्न जरूरी छ । दुई वर्षपछि फेरि स्थानीय निर्वाचन आउँदैछ, यो पल्ट नेपाली राजनीतिमा महिलाको सहभागिता र जितको सुनिश्चितता कति होला ? यसको निम्ति दलहरू कति उदार भएर आउलान् ? सम्बन्धित निकायहरूले यस विषयमा कसरी सोचिरहेका छन् ? नागरिक समाज र महिला अभियन्ताहरूले यसलाई कसरी हेरिरहेछन् ? महिलालाई समान स्थानमा ल्याउन तपाईं-हामी सबैको भूमिका के रहनुपर्छ यस विषयमा समयसँगै सोच्न र सचेत रहन जरूरी छ, जसको कारण आउने दिनमा नेपाली महिलाको जीवन परिवर्तनको निम्ति ठूलो भूमिका खेल्छ । त्यसैले दलका महिला नेतृ, अभियन्ताहरू सचेत हुन जरूरी छ । पहिलो संविधानसभाताका जसरी चुरा बेच्दाबेच्दै आएका महिलाहरू अहिले आएर निकै परिपक्व भइसकेको अवस्था छ– उनीहरूले नजिकबाट पितृसत्तालाई चिनेका छन् । महिलाको अवस्थाको विषयमा सचेत र जानकार छन् । पार्टीमा लामो समयदेखि निरन्तर क्रियाशील महिलाहरू महिला समानताको निम्ति आधारस्तम्भ हुन्, तिनलाई जिम्मेवारी प्रदान गर्ने उदारता पार्टीभित्र रहिरहनुपर्छ । महिला उम्मेदवारहरूको निम्ति लचिलो नीति अवलम्बन गर्नुपर्छ, पार्टीहरूले हौसला र प्रेरणा दिइरहनुपर्छ किनभने नेपालमा लोकतन्त्र आएकै कति भयो ! त्यसमा पनि महिला बहुलरूपमा सामाजिक जीवनतर्फ अग्रसर भएकै कति भयो ! बल्ल घर बाहिर निस्किएर समाजमा के भइरहेछ ? देश कसरी चलिरहेछ ? विश्व परिवेशमा महिलाको अवस्था के छ ? महिलामाथि मात्रै किन यति धेरै प्रश्न भनी प्रश्न गर्न सुरु गरेका छन् । यो आफैंमा राम्रो संकेत हो । शासन, सत्ता र शासनसम्म रहेको पितृसत्ताको दबदबामाथि प्रश्न गर्नु भनेको नेपाली समाज विस्तारै चेतनाको दृष्टिकोणबाट माथि उठ्नु हो । समग्र महिलाको अवस्थामा सुधार गर्न के गर्नुपर्ला भन्दा पार्टीभित्र स्थापित महिला नेतृहरूले राजनीतिमा आउन चाहने युवा महिलाहरूको निम्ति सकारात्मक र सहयोगी भावना राख्न जरूरी छ जहाँबाट निर्णायक भूमिका खेलिन्छ समग्र देश र समाजलाई अघि बढाउन । तर के त्यसैगरी अघिल्लो पुस्ताले पछिल्लो पुस्तालाई मार्गप्रशस्त गरिरहेको छ त ? के पछिल्लो पुस्ताहरू सचेत रूपमा अगाडि आइरहेका छन् त ? अहिले पनि कतिपय प्रश्नको हामीसँग स्पष्ट जवाफ छैन । पुस्ता हस्तान्तरणको परम्परा पुरुषभित्रै कमजोर अवस्थामा रहेको छ भने महिला नेताहरूमा निकै कमजोर छ । यो अवस्थालाई सुधार गर्न राजनीतिमा छवि बनाइसकेका अग्रणी महिलाहरूको ध्यान यता गएको देखिंदैन । निरन्तरको दबाव, आन्दोलन र अभियानहरूले वर्तमान समयमा नेपाली महिलाले हासिल गरेका उपलब्धिहरू महत्वपूर्ण छन् । समानताको हक, महिलाको हक, महिला हिंसा विरुद्धको हक, समान राजनीतिक हक, समान पारिश्रमिक र रोजगारको हक, समान नागरिक अधिकार, प्रजनन् स्वास्थ्य सम्बन्धी अधिकारलाई कार्यन्वयन गर्न निरन्तर बहस गर्न जरूरी छ । जबसम्म दान र अनुदान भन्दा माथि उठेर महिला मुक्ति र परिवर्तनको विषयमा एक भएर सोच्न सकिन्न, हाम्रो आन्दोलन बाटैमा कहीं विलीन हुने सम्भावना रहन्छ । यो हुनु भनेको फेरि पनि आउने कैयौं पुस्तासम्म यो देशमा छोरीहरू म पनि मान्छे हो भनेर पितृसत्तासँग लडिरहनु हो । यो सबै अवस्थालाई सम्बोधन गर्न निर्णायक तहमा महिलाको उपस्थिति समान नभई सम्भव छैन । आज पनि लालपुर्जा हातमा भएर मात्रै भएन भोगचलनको अधिकार महिलासँग छैन । नेपालकै सुदूर बस्तीहरूमा महिलाले मिहिनेत गरेर बाख्रा पाल्ने, कुखुरा पाल्ने, घर, खेत, बारी सम्हाल्ने, अन्न उत्पादन गर्ने गर्छन् तर त्यसलाई भोग गर्ने विषयमा महिलाको अधिकार हुँदैन । त्यसो त सरकारदेखि दातृ निकाय सबै नै महिलाको विकासलाई केन्द्रमा राखेर योजना तथा बजेट बनाउन सचेत देखिन्छन् तर पींधमा रहेका महिलाहरूलाई यस विषयमा हेक्का नै छैन, यो संविधानले मेरो निम्ति के के अधिकारहरू सुरक्षित गरेको छ भन्ने । समानताको हक सम्बन्धी धारा ३८ ले महिलालाई हिंसाबाट संरक्षण दिने अधिकार, सम्पत्तिमा महिला र पुरुषलाई समान अधिकार, सुरक्षित मातृत्व र प्रजनन् स्वास्थ्यको हक, राजनीतिक सहभागितामा समान हकको विषयमा स्पष्ट बोलेको छ । तर, जातकै आधारमा आज पनि यो समाजमा मान्छेले मान्छेलाई विभेद गरिरहेछ । छोरीहरू गर्भमै मारिनुपर्ने अवस्था अद्यापि छँदैछ । तसर्थ यस्ता अनगिन्ती सवाललाई राज्यले सम्बोधन गर्न र महिला कुनै सघाउ उपकरण होइन, यो समाजको हरेक आयामहरूमा उसको समान उपस्थिति, योगदान र सहभागिता छ भन्ने सरकारले बुझ्न जरूरी छ । तर समाजले त्यसो भनेन । हाम्रो मूल्य-मान्यताहरूले त्यसो भनेन । हाम्रो संस्कारहरूले त्यसो भनेन । साँच्चै भन्ने हो यो समाजले महिलाको अस्तित्वलाई समान रूपमा स्वीकार नै गरेको छैन । उल्टै यी मूल्य र मान्यताहरूले महिलालाई दु:खको भुमरीमा यसरी धकेल्यो कि यी सबै परिस्थितिहरूबाट माथि उठ्न महिलालाई शताब्दीऔं लाग्छ भन्ने भर्खरै अमेरिकामा सम्पन्न चुनावको नतिजाले स्पष्ट गरेको छ । यो समाजमा कैयौं कारणले पुरुष पीडित छन्, तर महिलाले बाँचिरहेको जीवन त्योभन्दा कैयौं गुणा कष्टकर छ । कुनै पुरुष बलात्कृत हुनु परेको छैन । छोरा नजन्माएको कारण घरपरिवारबाट परित्यक्त हुनु परेको छैन । दाइजो नल्याएको कारण जलेर मर्नु परेको छैन । मुम्बईको कोठीमा बेचिनु परेको छैन । छाउ बार्नुपर्ने कारणले गर्दा सर्पले डसेर मर्नु परेको छैन । काखको बच्चासँगै कोशीको भद्रालोमा आत्महत्या गरेको समाचार यो समाजले सुन्नुपरेको छैन । सरकारले बुझ्न जरूरी छ आत्महत्या कमजोरी होइन यो अवस्था राज्य र समाजको व्यवस्थाहरूले सृजित गर्ने गर्छ । यी सबै सामाजिक अवस्थाबाट माथि उठ्न के गर्नुपर्ला ? पक्कै पनि नेपाली महिलाहरू आफैंले हिंडेर आएको बाटोतर्फ पुनः फर्केर आत्म-आलोचना गर्न जरूरी छ । दलगत ह्वीप भन्दा माथि उठेर महिलाको मुद्दामा एक हुन जरूरी छ । नेपालको महिला सशक्तीकरण र आन्दोलनतर्फ फर्किएर हेर्दा १९४७ मा स्थापना भएको नेपाल महिला संघले महिलाको राजनीतिक र सामाजिक अधिकारको विषयलाई उठान गरेको थियो । जुन समयमा महिलाहरू घरबाट बाहिर निस्कन सक्नु नै ठूलो उपलब्धि मानिन्थ्यो । तर आजको अवस्थामा नेपाली समाजको विभिन्न आयाममा महिलाहरूले लडेर, संघर्ष गरेर उपस्थितिलाई मजबुत बनाएका छन् । यो महिलाले गर्न सक्छन् भन्ने दह्रो प्रमाण हो । घर कस्तो छ भन्ने बुझ्न त्यो घरको छोरी र बुहारीको अवस्था हेरे थाहा हुन्छ रे ! सायद देशको अवस्था कस्तो छ यो बुझ्नको निम्ति समग्र महिलाहरूको सामाजिक, राजनीतिक, आर्थिक, सांस्कृतिक जीवन कस्तो छ भन्ने अवस्थाले निर्धारण गर्दछ । अत: यो अवस्थामा सुधार ल्याउन समग्र महिला विचार, वाद, धर्म, राजनीति र दृष्टिकोणहरूको अन्तरविरोधबाट माथि उठेर एक हुन जरूरी छ ।

***-अनलाइन खबर डटकम***

### महत्वपूर्ण टेलिफोन

**प्रहरी कार्यालय**
बुटवल ०७१-५४०२२२
स.प्र.क्याम्प बुटवल ९७४७०४३४६९
बुटवल रामनगर ०७१-५४१२३३
भैरहवा ०७१-५२०१९९
अर्घाखाँची ०७७-५२११९९
गुल्मी ०७९-५२०१९९
परासी ०७८-५२०१९९
तौलिहवा ०७६-५६००९९
पाल्पा ०७५-५२०५३६, ५२०१९९
इप्रका रामपुर ०७५-६९१५१५

**अस्पताल कार्यालय**
लुम्बिनीसिटी अस्पताल ०७१-५५१५५७, ५५१५५८
लुम्बिनी अञ्चल अस्पताल ०७१-५४०२००, ५४०२०१
भिमअस्पताल भैरहवा ०७१-५२०१९३
मिसनअस्पताल पाल्पा ०७५-५२०१११, ५२०४८९
परिवार नियोजन संघ पाल्पा ०७५-५२०७२३
पाल्पा जिल्ला अस्पताल ०७५-५२०१५४
लुम्बिनी मेडिकल कलेज प्रभास ०७५-४११२०१
पिचन्द्र परासी ०७८-५२०१८८
भैरहवा आँखा अस्पताल ०७१-५२०२६५
अर्घाखाँची जिल्ला अस्पताल ०७७-५२०२५७
तम्घास जिल्ला अस्पताल ०७९-५२०१८८
तौलिहवा जिल्ला अस्पताल ०७६-५६०२००
सिद्धार्थबाल महिला अस्पताल ०७१-५४४४५०
बुटवल हस्पितल ०७१-५४६४३२
लुम्बिनी नर्सिङ होम ०७१-५४२६४१, ५४५६४१
रेडक्रस बुटवल ५४१००४
लायन्स आँखा उ. केन्द्र बुटवल ५४५८४५
मेडिटेक अस्पताल ५४९०७२
कान्तिपूर डेण्टल हस्पिटल ०७१-५४७८४०
आँखा अस्पताल पाल्पा:०७५-५२०३३३, ५२११७९
रामपुर अस्पताल: ०७५-४००१५४

**एम्बुलेन्स न.**
रोटरी क्लब बुटवल ०७१-५४४६००
लियो क्लब अफ बुटवल ०७१-५४५८९३
रेडक्रस भैरहवा०७१-५२०२६३
रेयुकाई भैरहवा ०७१-५२६६७३,९८४७०२२४६४
परासी ०७८-५२०१२५
रेडक्रस पाल्पा ०७५-५२०६००
रेडक्रस तौलिहवा ०७६-५६००१५
रेडक्रस अर्घाखाँची ०७७-४२०२७५, ४२०११७
रेडक्रस गुल्मी ०८९-५२०१६३
नेपाल परिवार नियोजन संघ ०७१-५४००८१
लुम्बिनी नसिङ होम प्रा.लि. ०७१-५४१६४१
नेपाल भारतमैत्री समाज मो. ९८४७०२५०९९
जनसेवा क्लब नयाँमिल ११५७०२१२४६
लुम्बिनी नि.व्या.संघ भैरहवा ६२१०५८
बनगाई क्लब बनगाई ०७६-६९०१०२
रेडक्रस देवदह ०७१-५७७०९९
लुम्बिनी मेडिकल कलेज ०७५-५२०८४०
बुटवल जेसिस ९८४७१२९९६४
न्यू एकता क्लव तानसेन : ०७५-५२२२००
परिवार नियोजन संघ पाल्पा : ९८४७१०२७६५
रामपुर टे.इन्स्टी.:९८५७०६२२४७,९८५७०६०५०४

### दैनिक राशिफल

| | |
|---|---|
| **मेष** : आध्यात्मिक चिन्तनमा समय बित्नेछ। सामाजिक काममा चासो लिन सकिनेछ। | **तुला** : कार्य सम्पादनमा सहजता मिल्नेछ। वैदेशिक कमहरू आगाडि बढ्नेछ । |
| **वृष** : यापारबाट लाभ मिल्नेछ।चलचित्र र कलाको क्षेत्रमा प्रतिष्ठा बढ्नेछ। | **वृश्चिक** : सहयोगी र नातागोताको साथ मिल्नेछ । वैदेशिक काम पनि बन्न सक्छ। |
| **मिथुन** : धन प्राप्तिका नयाँ मार्ग प्रशस्त हुनेछन्। ऋणको लेनदेनदेखि बच्नुहोस्। | **धनु** : सामाजिक कार्यमा सफलता मिल्नेछ। सहयोगीहरूको राम्रो साथ पनि मिल्नेछ। |
| **कर्कट** : मनमा देखिने अस्थिरता अधैर्यताका कारण निर्णायक क्षमतामा कमी आउनेछ। | **मकर** : मान सम्मान पाइनेछ । दाम्पत्य जीवनमा मधुरता छाउनेछ । |
| **सिंह** : बोलीको प्रभाव बढ्नेछ । नयाँ कामको थालनी पनि हुनेछ । | **कुम्भ** : समयमा सही निर्णय लिन सकिनेछ । अध्ययनमा सफलता मिल्नेछ। |
| **कन्या** : धार्मिक कार्य सफल हनेछ । आर्थिक क्षेत्रमा राम्रो सफलता मिल्ला । | **मीन** : कारोबारमा भाग्यले साथ दिनेछ। योजना पूरा गर्नमा केही समय लाग्नेछ। |

## कृषि

# कृषि बीमा : किसानलाई भुक्तानी पाउनै धौधौ



सरिता थारू

सिरहा जिल्लाको भगवानपुर गाउँपालिका-२ की शारदा चौधरीले तीन वर्ष अगाडि तीन वटा बाख्राको बीमा गरिन् । बीमा गरेको करिब ७ महिनापछि झाडापखालाका कारणले उनको तीन वटै बाख्रा मरे । उनले आवश्यक प्रमाणसहित बीमा कम्पनीमा रकम दाबी गर्न जाँदा भुक्तानी पाउन सकिनन् । बीमा रकम भुक्तानी पाउन नसक्दा शारदाले पशु वस्तु र बालीको बीमा गर्नै छोडिन् । 'हामीले सुरुमा तीन वटा बाख्राको बीमा गरेको रकम पाएनौँ । पैसा नपाउने भएपछि किन बीमा गर्ने भन्ने लाग्यो,' उनले भनिन्, 'यो वर्ष मैले १० कठ्ठा जग्गामा धान रोपेको थिएँ, तर दुई कठ्ठाको धानमा कालोपोके रोग लाग्यो । बीमा पनि गरिएको थिएन । यसले धेरै क्षति भयो ।' ओखलढुंगाका किसान विकास घिमिरेले कस्ता क्षतिमा बीमा भुक्तानी हुन्छ भन्नेबारे आफूलाई पर्याप्त जानकारी नरहेको सुनाए । पाँचथरका किसान मनोज पौडेलले बीमाबाट रकम भुक्तानी पाउनु भनेको ऋण उठाउनजस्तै समस्या रहेको गुनासो गरे । 'मेरो साथी प्रेम सिग्देलले बीमा रकम १८ हजार भुक्तानी पाउनुपर्ने छ, तर उसले १८ महिना भइसक्दा पनि पाउन सकेको छैन,' पौडेलले भने, 'गत वर्ष संघीय सरकारले बीमाको रकम दिएन भन्दै बीमा कम्पनीले बीमा नै गर्न मानेनन् ।' बीमा दाबी गर्न पनि झन्झटिलो प्रक्रिया रहेको उनले सुनाए । क्षतिको दाबी गर्न फोटो लगायतका प्रमाण आवश्यक पर्ने भन्दै उनले प्रश्न गरे, 'बाढी पहिरोमा बाख्रा नै बगाएर लगिसकेपछि कहाँबाट फोटो पाउनु ?' कृषि बीमालाई व्यावहारिक बनाउनु पर्ने उनले सुझाए । यी केही प्रतिनिधिमूलक घटना हुन् । सातौँ राष्ट्रिय कृषि गणना अनुसार देशभर एक लाख ८२ हजार ४ सय किसान बीमाको पहुँचमा छन् । तथ्याङ्क अनुसार खाद्यान्न बालीका लागि १४ हजार, तरकारी बालीका लागि ५ हजार ८ सय, फलफूल बालीका लागि ५ हजार २ सय र पन्छी पालनका लागि ९ हजार ६ सय किसानले बीमा गरेका छन् । पशुपालनका लागि एक लाख ५४ हजार किसानले बीमा गराएका छन् भने माछा पालन गर्ने ४ हजार ३ सय किसान बीमाको पहुँचमा छन् । किसानलाई कृषि बीमाबारे जानकारी नभएको होइन तर यसबारे बाली तथा पशुपन्छीको बीमा प्रक्रिया, भुक्तानी दाबी प्रक्रिया, अवधि लगायत विषयमा जानकारी हुन सकेको छैन । यसले किसानले बीमा गरे पनि बीमा रकम दाबी गर्न समस्या, दाबी गरे पनि रकम पाउन सकेको अवस्था देखिँदैन । सरकारले कृषि बीमाको आवधारणा ल्याएको एक दशकभन्दा बढी भएको छ । कृषकका लागि बाली उत्पादन, पशुपन्छी तथा मत्स्य पालन व्यवसायमा हुने सम्भावित जोखिम र अनिश्चितता न्यूनीकरणका लागि सरकारले २०६९ माघ १ गतेदेखि बाली तथा पशुपन्छी बीमा थालनी गरेको थियो । राष्ट्रिय कृषक समूह महासंघका अध्यक्ष पञ्चकाजी श्रेष्ठले पशु बीमा केही मात्रमा भए पनि बाली बीमा अझै हुन नसकेको सुनाए । उनले पशु तथा बाली बीमा भुक्तानीमा समस्या भइरहेको गुनासो गरे । '४० लाख प्रिमियम पाउनका लागि १ लाख रुपैयाँ तिरेको छु,' उनले भने, 'बीमा कम्पनीलाई पटक पटक बोलाउँदा आउँदैनन्, मजस्ता अभियन्ता त ठगिएका छन् भने अन्य किसान कति ठगिएका होलान् !' कृषि तथा पशुपन्छी व्यवसायमा हुन सक्ने जोखिम र अनिश्चितता कम गर्न वा आर्थिक क्षति निराकरण गर्न बीमा आवश्यक पर्छ । कृषकहरूलाई कृषि बीमातर्फ आकर्षित गर्न, उत्पादनमा वृद्धि गर्न, आत्मनिर्भर बढाउन, बेरोजगारी घटाउन, व्यापार घाटा कम गर्न, खाद्य सुरक्षा हासिल गर्न कृषि बीमाको महत्त्वपूर्ण भूमिका हुन्छ । बाली तथा पशुपन्छी बीमा अन्तर्गत बीमा गरिने बालीहरू खाद्यान्न, दलहन, तरकारी, मसला, तेलहन, च्याउ आदि छन् । पशुपन्छीतर्फ भने पशु, पन्छी, मौरी र माछा पर्दछन् । ओखलढुंगाको सिद्धिचरण नगरपालिकाकी किसान राधा निरौलाले ४६४ वटा बाख्रापालन गरेकी छन् । ती बाख्राको बीमा गरिएको तर नवीकरणका लागि कम्पनीले वास्ता नगरेको उनको गुनासो छ । 'मैले ४६४ वटा बाख्रा पालन गरेको छु, बीमा नवीकरणका लागि कम्पनीले वास्ता गरेको छैन,' उनले भनिन्, 'बाख्रा मरेर मैले २५ हजार रुपैयाँ बीमा रकमको भुक्तानी दाबी गर्दै आएको वर्षौं भयो । अझै भुक्तानी पाउन सकेको छैन ।'सरकारले यही कार्तिक १ गतेदेखि कृषि तथा पशुपन्छी बीमा गराउँदा लाग्ने शुल्कको ५० प्रतिशतदेखि ८० प्रतिशत अनुदान उपलब्ध गराउँदै आएको छ । ५० लाखको बीमा गर्दा ८० प्रतिशत अनुदान दिने, ५० लाखदेखि १ करोड रुपैयाँसम्म बीमा गराउँदा ६५ प्रतिशत र एक करोडभन्दा बढी रकमको बीमा गर्दा ५० प्रतिशत अनुदान दिने बाली तथा पशुधन बीमाको प्रिमियममा अनुदान उपलब्ध गराउने कार्यविधि, २०८१ मा उल्लेख छ ।

*कृषि तथा पशुपन्छी विकास मन्त्रालयकी सहसचिव सवनम शिवाकोटीले यो वर्ष बीमा रकम भुक्तानीमा समस्या नहुने बताइन् । 'यो वर्ष बजेटबाट आएको रकम केही अपूग भए पनि हामीले मन्त्रालयको आन्तरिक स्रोतबाट रकमान्तर गरी स्रोत व्यवस्थापन गर्ने छौँ,' उनले भनिन्, 'हामीले बीमालेख बनाउँदा परफेक्ट बनाउन सकेकै छैनौँ । यहाँ बनाइएको बीमालेख फिल्डमा लैजाँदा फरक पर्छ ।' शिवाकोटीले दाबी भुक्तानी र बीमाको इग्रिमेन्ट पोलेसी किसानलाई पूर्णरुपमा जानकारी नहुँदा पनि किसान ठगिएको उल्लेख गरिन् ।*

कृषि तथा पशुपन्छी विकास मन्त्रालयकी सहसचिव सवनम शिवाकोटीले यो वर्ष बीमा रकम भुक्तानीमा समस्या नहुने बताइन् । 'यो वर्ष बजेटबाट आएको रकम केही अपूग भए पनि हामीले मन्त्रालयको आन्तरिक स्रोतबाट रकमान्तर गरी स्रोत व्यवस्थापन गर्ने छौँ,' उनले भनिन्, 'हामीले बीमालेख बनाउँदा परफेक्ट बनाउन सकेकै छैनौँ । यहाँ बनाइएको बीमालेख फिल्डमा लैजाँदा फरक पर्छ ।' शिवाकोटीले दाबी भुक्तानी र बीमाको इग्रिमेन्ट पोलेसी किसानलाई पूर्णरुपमा जानकारी नहुँदा पनि किसान ठगिएको उल्लेख गरिन् । सरकारले कृषि बीमालाई पारदर्शी बनाउन अनलाइन प्रणाली लागु गरेको छ । बीमाको रियल टाइम सफ्टवेयरमार्फत किसानले आफै बीमा गर्न सक्ने छन् । कृषि क्षेत्रमा सबैभन्दा बढी पशुधन बीमा हुने भएकाले सुरुवाती चरणमा अनलाइनबाट पशु र तरकारी बालीको बीमा गर्न सकिने छ । तत्काललाई दुई बालीको बीमा अनलाइनबाट किसानले गर्न सकिने छन् । कृषि बीमामा आबद्ध रहेका १४ वटा कम्पनी छन् । किसानले कृषि बीमा गर्न नेपाल बीमा प्राधिकरणको वेबसाइटमा जानुपर्छ । त्यहाँबाट युजर आइडी बनाइ कृषि बीमा गर्न सकिने छ । *-रातोपाटी डटकम*

# खोलाको बगर केराको बगैंचामा परिणत



म्याग्दीको बेनी नगरपालिका वडा नं २ बगरफाँटको टाकुरा निवासी दीपक मल्लले कोटखोला बगरलाई खनजोत गरी सम्माएर सातसय बोट केरा लगाएका छन् । बगरफाँटकै खिमबहादुर कार्की, दुर्गाबहादुर थापा र बेदप्रसाद उपाध्यायले धान फल्ने खेत मासेर गरेको केरा खेतीबाट वार्षिक रु पाँच लाख आम्दानी गर्दै आएका छन् । अन्य कृषि बालीको तुलनामा कम मेहनतमै राम्रो आम्दानी लिन सकिने भएकाले विगत तीन वर्षदेखि व्यावसायिक केराखेतीमा जोडिनुभएका मल्ल,कार्की,थापा र उपाध्यायको सिको गर्दै बगरफाँटका अन्य किसानहरुले पनि खेत,पाखो,खरबारी र बगर जग्गामा केरा खेती सुरु गरेका छन् । केरा खेतीका लागि उपयुक्त वातावरणसँगै बजारको पनि समस्या नदेखिएकाले धान खेती हुने जमिन मासेर केरा खेतीमा लागेको दुर्गा बहादुर थापाले बताए । थोरै लगानीमा पनि एक्लै गर्न सकिने र रोपेपछि लामो समयसम्म आम्दानी लिन सकिने भएकाले केरा खेतीमा लागेको उनले बताए । विगत चार वर्षदेखि केरा खेती गर्दै आउनुभएका खिमबहादुर कार्कीले सात रोपनी जग्गामा पाँच सय केराका बोट लगाएका छन् । उनले केरा बगैँचाबाट नै वार्षिक रु पाँच लाख बराबरको केरा बिक्री गर्दै आएका छन् ।

खेर गइरहेको कोटखोला बगरमा बगरफाँटकै दीपक मल्लले तीन वर्ष अघि लगाउनुभएको केराका विरुवा अहिले फल दिने अवस्थामा पुगेका छन् । अन्य कृषि बाली जस्तो जोखिम नहुने र परिवारसँग घरमा बसेर राम्रै आम्दानी गर्न सकिने भएकाले केरा खेतीबाट सन्तुष्ट रहेको र आगामी दिनमा केरा खेतीलाई बढाउँदै लैजाने उहाँको तयारी छ । धान, गहुँ, मकै बालीको विकल्पमा यहाँका कृषकले खेतका गह्रा,पाखो बारी र खोला बगरमा व्यावसायिक रुपमा केरा खेती गरेर आयआर्जन गर्ने माध्यम बनाएका हुन् । अन्नबाली जस्तै धेरै मिहिनेत र श्रम खर्च गर्नु नपर्ने र आम्दानी पनि बढी हुने भएकाले धान फल्ने खेतमा केरा खेती गरिएको कृषकहरुले बताएका छन् । केही वर्षअघि सम्म परम्परागत खाद्यान्न खेती हुने बगरफाँट अहिले केराको बगैँचामा परिणत भएको छ । अनुकूल हावापानी, वातावरण, बजारको सुविधा र छिटो आम्दानी गर्न सकिने भएकाले व्यावसायिक केरा खेतीतर्फ आकर्षण बढेको कृषक कार्कीले बताए । त्यसैगरी अर्का कृषक थापाले पनि गुडुराको धान फल्ने चार रोपनी खेतमा केरा खेती गर्नुभएको छ । "खेती गर्न झन्झटिलो हुने, कम उत्पादन हुने, खर्च बढी हुने र काम गर्ने मान्छे पनि नपाइने हुँदा धान फल्ने खेतमा अहिले केरा लगाएको हुँ", थापाले भने । यहाँका सबै कृषकले केरा खेती गरेका छन्, गाउँको करीब २० हेक्टर क्षेत्रफलमा केरा खेती गरिएको छ । अबको दुई वर्षपछि वगरफाँट केराफाँटमा परिणत हुने भएको छ । करीब २० जना कृषकले बगैँचा नै बनाएर व्यावसायिक केरा खेती गरेका छन् । दश-पन् घारी केरा नलगाएको घर नै छैन । मजदूर अभावमा खाद्यबाली हुने जमीन बाझिन थालेको अवस्थामा केरा खेती प्रभावकारी विकल्प बनेको बेनी नगरपालिका २ का वडाअध्यक्ष यामबहादुर कार्कीले बताए । यहाँका कृषकले करीब पाँर्च हजार केराका बिरुवा लगाएका छन् । पकाएको प्रति १२ कोसा रु सयका दरले बिक्री हुने गरेको छ । एउटै घारीबाट एक हजार कोसासम्म उत्पादन लिन सकिने कृषकले बताएका छन् । बिरुवा लगाएको डेढ वर्षमै उत्पादन लिन सकिन्छ । उत्तरतर्फ फर्किएको पाखोमा अवस्थित बगरफाँटको हावापानी केरा खेतीका लागि अनुकूल मानिन्छ । बेनी नजीकै भएकाले कृषकलाई बजारको समस्या छैन । बगरफाँटमा केरा उत्पादन हुन थालेपछि बेनीमा बाह्य जिल्लाबाट केराको आयात घट्ने फलफूल व्यापारीहरुले बताएका छन् । बेनी नगरपालिकाले बगरफाँट र खबरालाई केरा गाउँ बनाउने लक्ष्यसहित 'एक वडा एक उत्पादन कार्यक्रम' सञ्चालन गरेको वडा अध्यक्ष कार्कीले बताए ।

*-इहिमालय टाइम्स डटकम*

# व्यापारीले बगानबाटै उठाउँछन् देउपुरका सुन्तला



सुन्तला उत्पादनका लागि प्रख्यात पर्वतको देउपुरका कृषकलाई आजभोलि सुन्तला बिक्री गर्न भ्याइनभ्याइ छ । यहाँ काठमाडौँ, पोखरा, नारायणगढदेखि बुटवलबाट व्यापारीहरू बगानमै सुन्तला किन्नका लागि आउने गरेका छन् । मोदी गाउँपालिका-२ देउपुरमा चार वर्षअघिसम्म सहकारीमार्फत बिक्री गर्दै आए पनि पछिल्ला वर्षहरूमा भने कृषकले आफ्नै ढङ्गले व्यापारीसँग कारोबार गर्ने गरेका छन् । पहिले माछापुच्छ्रे सुन्तला सहकारी संस्थामार्फत बिक्री गरे पनि अहिले निजी हिसाबले नै बिक्री गर्न थालेका अगुवा कृषक दाताराम चापागाईंले जानकारी दिए । सुन्तला टिप्नका लागि व्यापारीका प्रतिनिधिहरूको चहलपहल बढ्दो छ । स्थानीय शिक्षक भूमिराज शर्मा सुन्तला टिप्ने र लैजानेहरूका कारण यहाँ मेला लागे जस्तै हुने गरेको र थोक व्यापारीले बगैँचाबाट नै खरिद गरेपछि कृषकलाई पनि सहज भएको बताउन्छन् । "देउपुरका धेरैजसो सुन्तला यसपटक पोखरा पुगेका छन । केही नारायणगढ, काठमाडौँ र बुटवल तथा स्थानीय बजारमा बिक्री हुने गर्छन", उनले भने । यहाँका किसानमध्ये स्थानीय ख्यामराज पौडेलले सुन्तला बिक्रीबाटै राम्रो आम्दानी गर्छन् । उनले गत वर्ष रु पाँच लाखको सुन्तला बिक्री गरेका थिए । एक वर्ष बढी उत्पादन भयो भने अर्को वर्ष कम उत्पादन हुने भएकाले यसवर्ष केही कम कारोबार हुने उनको भनाइ छ । यहाँका अधिकांश किसानले व्यापारीलाई बगैँचा नै जिम्मा लगाउने गरेका छन् । त्यसमध्ये भोजकुमारी चापागाईं, बाबुराम तिमिल्सिनासमेत टन् । दैनिकजसो ट्रकहरू आएर सुन्तला टिपेर लैजाने गरेको स्थानीय प्रकाश चापागाईंले बताए । यहाँका सबै किसानको कारोबारको कुरा गर्दा गतवर्ष करिब रु पाँच करोडका सुन्तला बिक्री भएका थिए । यसपटक पनि सोही हाराहारीमा कारोबार हुने अपेक्षा गरेका छन् । व्यवसायीले बगैँचामै 'ग्रेडिङ' गरेर सुन्तला लैजान थालेको कृषक दाताराम चापागाईंले बताए । विगत दुई दशकदेखि गरिएको व्यावसायिक सुन्तला खेतीबाट यहाँका कृषकले मनग्य आम्दानी गर्दै आएका छन् । परम्परागत रूपमा कोदो र मकै लगाउने गरेका यहाँका कृषकहरूले सुन्तलाखेती गरेपछि जीवनस्तरमा समेत परिवर्तन आएको बताउन थालेका छन् । यहाँका एक सय ६० भन्दा बढी कृषक अन्य खेती छाडेर व्यावसायिक सुन्तलाखेतीमा लागेका हुन् । गाउँमा पक्की मोटरबाटोको सुविधा पुगेपछि सुन्तला खेतीतर्फ थप आकर्षण बढ्दै गएको छ । सुरुमा कोदो मकै मात्र लगाएर बस्ने गरेको ठाउँमा सुन्तला लगाएपछि वार्षिक रूपमा प्रत्येक परिवारले रु दुई लाखदेखि पाँच लाखसम्म कमाई हुन थालेको चापागाईंले बताए । "मकै, कोदो लगाउँदा रु २० हजार कमाई नहुने ठाउँमा सुन्तला लगाउँदा रु पाँच लाख कमाई हुन्छ," उनले भने, "अहिले देउपुरका सबै घरमा रु दुई लाखभन्दा बढी कमाउने कृषकहरू धेरै छन् ।" सुरुमा केहीले परीक्षणका लागि सुन्तलाको बिरुवा रोपेको र राम्रो उत्पादन हुन थालेपछि गाउँभरि नै त्यसको विस्तार भएको हो । आम्दानी राम्रै छ तर जलवायु परिवर्तनको असरसँगै सुन्तलामा रोगकिराको प्रकोप बढ्ने र रूखहरु सुक्दै जान थालेपछि कृषक चिन्तित छन् । यस वर्ष पनि औँसा किराको प्रकोपले केही सुन्तला झरेर नष्ट भएका स्थानीयको गुनासो छ । *-रासस*

# एमडिआरटी २०२५ का लागि पाल्पाबाट बस्याल र तिवारी चयन




**पाल्पा,** पौष १३/रिलायबल नेपाल लाइफ इन्स्योरेन्स कम्पनीको प्रतिनिधित्व गर्दै पाल्पाबाट कला बस्याल र गीता कुमारी तिवारी एमडिआरटी २०२५ का लागि चयन भएका छन् । कम्पनीको पाल्पा शाखाबाट बस्याल र तिवारीले आगामी २०२५ को लागि एमडिआरटी लक्ष्य पछ्याउन सफल भएका हुन् ।

समय सीमाको ४ दिन अगाडि नै आफ्नो व्यक्तिगत कोडमा प्रथम बिमाशुल्क ४७ लाख पुर्‍याएकै कारण दुवै जना एमडिआरटी २०२५ का लागि चयन हुन सफल भएका पाल्पा शाखाका प्रमुख सुवास गैरेले बताए । इमान्दारीता र लगनशीलताको प्रतिफल बस्याल र तिवारीले प्राप्त गरेकोमा पाल्पा शाखालाई थप उत्साह मिलेको प्रमुख गैरेको भनाई छ । पाल्पा र स्याङ्जाबाट बीमा एजेन्सीको रुपमा काम गर्दै आएकी बस्याल बीमा व्यवसायमा लागेर छोटो समयमा नै उल्लेख्य प्रगति गर्न सफल भएकी छन् । तिवारी पनि विगत ३ वर्षदेखि बीमा क्षेत्रमा सक्रिय छिन् । दुवै जनाले छोटो अवधीमा उल्लेख्य प्रगति गर्न सफल भएकोमा कतिपय बीमा कम्पनीहरुले नुमनाको रुपमा समेत उनीहरुलाई लिने गरेका छन् । बीमा क्षेत्रमा लागेका उनीहरु हाल आफ्नो निजी व्यवसायसँगै बिमा क्षेत्रमा आवद्ध छन् । एमडिआरटी छनोटमा परी बस्याल र तिवारीले प्राप्त गरेको उच्चसम्मानले कम्पनीका अन्य अभिकर्ता, एमडिआरटी सम्पूर्ण कर्मचारीहरूलाई थप उत्साह मिल्ने विश्वास लिइएको कम्पनीका प्रमुख कार्यकारी अधिकृत नारायण बाबु लोहनीले बताए ।

**के हो एमडिआरटी ?**

एमडिआरटी एक अन्तराष्ट्रिय एजेन्सी संस्था हो । यो मिलियन डलरको राउन्ड टेबल समेत हो । एमडिआरटी १९२७ मा विश्वव्यापी रूपमा मान्यता प्राप्त विश्वको सबैभन्दा धेरै बिक्री हुने बीमा एजेन्टहरू र वित्तीय सेवा पेशेवरहरूको स्ट्यान्डअलोन संघको रूपमा स्थापना भएसंगै एमडिआरटी सदस्यतालाई जीवन बीमा र वित्तीय सेवा व्यवसायमा बिक्री उत्कृष्टताको सुनौलो मानकको रूपमा अन्तर्राष्ट्रिय रूपमा मान्यता दिइएको छ । यो केवल विश्वको सबैभन्दा सफल वित्तीय सेवा प्रदायक एजेन्सीलाई दिइन्छ । जसले क्लबको उत्कृष्ट र चुनौतिपूर्ण योग्यताहरू पूरा गर्दछ । नेपाल जस्तो हालको अवस्थामा एक एजेन्सीले असाधारण व्यावसायिक ज्ञान प्रदर्शन गर्ने, कडा नैतिक आचरण र उत्कृष्ट ग्राहक सेवा प्रदान गर्दा मात्र यो उपाधिको लागि योग्य हुन सक्दछ । यसबिच व्यवसाय र बिमा क्षेत्रका ग्राहकलाई उच्चतम सेवा प्रवाह गरे वापत बस्याल बर्ष-२०२५ एमडिआरटीको लागि चयन हुन सफल भएकी हुन् । यस अघि पनि पाल्पाबाटै तानसेनकी गीता कुमारी तिवारी एमडिआरटी २०२४ का लागि चयन भएकी थिइन् । उनले कम्पनीले दिएको समय सीमाको दुई महिना भित्रै प्रथम बिमा शुल्क ८२ लाख पुरा गरी एमडिआरटी बन्न सफल भएकी हुन् ।

## खेलकुद समाचार

### न्युजिल्याण्डले श्रीलङ्कालाई ८ रनले हरायो



**काठमाडौं,** पौष १३/श्रीलङ्कासँगको पहिलो टी-२० क्रिकेट न्युजिल्याण्डले ८ रनले जितेको छ । न्युजिल्याण्डले दिएको १ सय ७३ रनको लक्ष्य पछ्याएको श्रीलङ्काले ८ विकेट गुमाएर १ सय ६४ रन मात्रै बनाउन सक्यो । उसका लागि पथुम निशंकाले ९० र कुशल मेन्डिसले ४६ रन बनाए । न्युजिल्याण्डका ज्याकोब डफीले तीन र जाकरी फुल्केसले दुई विकेट लिए । यसअघि न्युजिल्याण्डको मौनगानुईमा टस जितेर पहिले ब्याटिङ गरेको न्युजिल्याण्डका लागि ड्यारेल मिचेलले सर्वाधिक ६२ र माइकल ब्रेसवेलले ५९ रन बनाए । श्रीलङ्काका विविन्दु हसरंगा, महिश थिकसना र बिनुरा फर्नान्डोले २/२ विकेट लिए । तीन खेलको टी-२० र तीन खेलको एकदिवसीय शृङ्खलाको लागि श्रीलङ्काको टोली न्युजिल्याण्डमा छ ।

## अर्थ /कर्पोरेट समाचार

### ग्लोबल आइएमई बैंकद्वारा छात्रवृत्ति प्रदान

Global IME Bank
ग्लोबल आइएमई बैंक लि.
The Bank For All

**पाल्पा,** पौष १३/ग्लोबल आइएमई बैंक लिमिटेडले छात्रवृत्ति प्रदान गरेको छ । बैंकले आफ्नो १८ औं वार्षिकोत्सवको अवसरमा बैंकको संस्थागत सामाजिक उत्तरदायित्व अन्तर्गत ३५ जना छात्रालाई छात्रवृत्ति प्रदान गरेको हो ।

बैंक पौष १८ गते बिहीबारदेखि आफ्नो स्थापनाको १८ औं वर्ष पुरा गरी १९ औं वर्षमा प्रवेश गर्दैछ । बैंकले छात्रालाई छात्रवृत्ति कार्यक्रम अन्तर्गत बैंकले विभिन्न सामुदायिक तथा सरकारी विद्यालयबाट कक्षा ६ उत्तीर्ण गरी कक्षा ७ मा प्रवेश गरेका विपन्न वर्गका ३५ जना जेहेन्दार छात्राहरूलाई छात्रवृत्ति प्रदान गरेको छ । यी छात्राहरूलाई कक्षा १२ सम्मको अध्ययनका लागि बैंकले हरेक वर्ष छात्रवृत्ति प्रदान गर्नेछ । यस कार्यक्रम अन्तगर्त बैंकले प्रत्येक प्रदेशबाट ५ जना जेहेन्दार छात्राहरु छनौट गरी जम्मा ३५ जना छात्रालाई वर्षको १२ हजार रुपैयाँको दरले छात्रवृत्ति प्रदान गर्नेछ । यो कार्यक्रम अन्तर्गत बैंकले अहिलेसम्म १४० जनालाई उक्त छात्रवृत्ति व्यवस्था गरी छात्राहरूको शैक्षिक गुणस्तरमा योगदान गरिरहेको छ । समाजको विकासमा शिक्षाको महत्त्वपूर्ण भूमिका रहेको र महिला शिक्षित भएमा समाजको चेतनास्तर अभिवृद्धि हुनुका साथै महिलाहरू आर्थिक रूपमा सबल हुन समेत मद्दत पुग्ने हुनाले यो कार्यक्रम गरिएको बैंकले जनाएको छ ।

# धान खेत मासेर...

...पाकेको कागती लामो समयसम्म घरमा राख्न नसकिने र नजिकमा चिस्यान केन्द्र नहुँदा व्यापारीले भनेको मूल्यमा बिक्री गर्नुपर्ने बाध्यता रहेको उनले बताए । कृषि ज्ञान केन्द्र दाङका अनुसार दाङमा व्यावसायिक रुपमा कागतीखेती गर्ने किसानको संख्या बर्सेनि बढ्दै गएको छ ।

कुनै बेला घरायसी प्रयोजनका लागि दुई/चार बोट लगाउनेहरुले अहिले व्यावसायिक रुपमा कागतीखेती गर्न थालेका छन् । तीन वर्षअघि ५० हेक्टर क्षेत्रफलमा कागतीखेती गरिँदै आएको थियो, अहिले २ सय ९१ हेक्टरमा कागतीखेती हुने गरेको छ । ज्ञान केन्द्रका कृषि अर्थ विज्ञ तथा सूचना अधिकारी पृथ्वीराज लामिछानेका अनुसार अहिले १ सय १० हेक्टरमा वार्षिक ५ सय ६० मेट्रिकटन कागती उत्पादन भइरहेको छ । सुन कागतीले रोपेको दुइ वर्षभित्रमा आम्दानी दिन थालेपछि व्यावसायीक रुपमा खेती गर्नेको संख्या बढ्दै गएको उनले बताए । बजारमा कागतीको माग दैनिक बढ्दै गएपछि पछिल्लो समय जिल्लामा कागती खेतीलाई नगदेबालीका रूपमा समेत किसानले लिन थालेका छन् । पछिल्लो समय धेरै किसान व्यावसायिक कागती खेतीमा लागेको उनी बताउन्छन् । सूचना अधिकारी लामिछानेले भने, 'अन्य बालीको तुलनामा कम लगानी र मेहनतबाटै राम्रो आम्दानी लिन सकिने र बिक्रीका लागि बजारको पनि समस्या नहुँदा धेरै जना किसान कागतीखेतीप्रति आकर्षण बढेको छ ।' *-रासस*


## रामपुर नगरपालिका ६ नं. वडा कार्यालयको अनुरोध

- जन्म, मृत्यु, बसाईसराई, विवाह, सम्बन्ध विच्छेद जस्ता व्यक्तिगत घटना दर्ता समयमै गरौं ।
- व्यवसायिक कृषिमा लागौं, स्वरोजगार बनौं ।
- आफ्नो घर-आगन वरपर सधैं सफा र स्वच्छ राखौं ।
- आफुले तिर्ने/बुझाउनुपर्ने कर समयमा नै बुझाउने बानी बसालौं, जरिवानाबाट बचौं, सभ्य नागरिकको पहिचान दिऔं ।
- बालश्रम प्रयोग नगरौं, नगराऔं ।
- विकास निर्माण र सुशासनमा चासो राखौं ।
- जेष्ठ नागरिक, एकल महिला, अपाङ्गता र अशक्त नागरिकप्रति सहयोगी/जिम्मेवार बनौं ।
- वृक्षारोपण गरी वातावरण हरियाली बनाऔं ।
- सेवा प्रवाहमा रहेका कमीकमजोरी औंल्याउने बानीको विकास गरौं ।
- नागरिक अधिकारसँगै कर्तव्यप्रति पनि जिम्मेवार बनौं ।
- सार्वजनिक सम्पत्तिको सुरक्षा एवं संरक्षण गरौं ।

दिवाकर देवकोटा
वडा अध्यक्ष

६ नं . वडा कार्यालय
रामपुर नगरपालिका, पाल्पा

वर्गिकृत डिस्प्ले
१ X ५ साइजमा मात्र
वर्गिकृत डिस्प्लेमा विज्ञापन दिनुहोस् व्यवसाय बढाउनुहोस् ।
सम्पर्क: ०७५-५२०६०१

मनको आवाज............
'नाम पनि यूनिक, काम पनि यूनिक'
यूनिक एफ.एम. ९४.२ मेगाहर्ज
विज्ञापनको लागि सम्पर्क :
यूनिक शोसियल कम्यूनिकेशन प्रा.लि.
तानसेन, पाल्पा
०७५-५२१८६४, ५२१८६६
E-mail
news.uniquefm@gmail.com
www.uniquefm942.com

हरेक प्रहरका ताजा समाचारका लागि www.shittalpati.com क्लिक गर्नुहोस् ।


जनचेतना दैनिकको आधिकारीक वेबसाईट
शितलपाटी .कम
www.shittalpati.com
डिजिटल पत्रिका



कैलाशनगर मिडिया प्रा.लि.द्वारा प्रकाशित, कार्यालय:कैलाशनगर-५,तानसेन,पाल्पा,फोन:०७५-५२०६०१,E-mail:njdnews@gmail.com पा.जि.हु.द.नं. ५/२०७८/०७९, पा.जि.प्र.का.द.नं. १९/०५१/०५२ प्रबन्धक : इन्द्रा भट्टराई, सम्पादक: रामचन्द्र रायमाझी, प्रधान सम्पादक: जगदीशप्रसाद भट्टराई